# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
# २०८०

## अन्तिम प्रतिवेदन

**जीतपुरसिमरा उप-महानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा, मधेश प्रदेश

**सिमरा**

### ***कृतज्ञता ज्ञापन***

जीतपुरसिमरा उप-महानगरपालिको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने उपमहानगरपालिकाका प्रमुख राजन पौडेल उप प्रमुख भोला प्रसाद अधिकारी प्रमुख प्रशासकीय अधिकृत हरि लाल पुरी तथा कार्यपालिका सदस्यहरू, नगरपालिका का कर्मचारीहरू,लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस रणनिति तर्जुमा कार्यका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगाएत सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

स्ट्रेन्थ ईन्जिनियरिङ्ग कम्पनी प्रा लि, काठमाडौं

## विषय सूची

१.१ पृष्ठभूमि : ........ ५

१.२. जीतपुरसिमरा उप-महानगरपालिकाको संक्षिप्त परिचय........ ५

१.३. जीतपुरसिमरा उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिका (लैससास) रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया ........ ६

१.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु ........ ६

२.१ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु........ ९

२.४ उप-महानगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष, कमजोर पक्ष तथा अवसर र चुनौति........ १०

५. सामुदायक विद्यालय(सबै दिवा खाजा संचालन, विद्यालयमा अध्ययनरत कक्षा १ देखी ८ सम्मका छात्रा र दलित विद्यार्थीहरुको छात्रावृत्ति ........ १०

२.५ नगर पालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु........ ११

२.६ उप-महानगरपालिकाको आगामी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु ........ ११

२.६.१.मूलप्रवाहिकरण::........ १२

२.६.२ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः........ १२

२.६.३ समन्वय, सहकार्य र सहजिकरणः........ १२

२.६.४ अनुगमन तथा मूल्यांकनः........ १२

परिच्छेद ३ उप-महानगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनितिका ........ १३

३.१ उप-महानगरपालिकाको लैससास रणनितिका........ १३

३.२ रणनिति र कार्यनिति........ १५

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना ........ २०

३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती ........ २५

३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन........ २५

३.४.२. उप-महानगरपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण........ २५

३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास : ........ ३१

३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय वा स्रोत ३१

३.६. लैससास रणनीति कार्यान्वियनको अनुगमन प्रणाली : ..................................................... ३२

३.७ लैससास रणनीति कार्यान्वियन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु ..................................३३

३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन.......................................................................... ३५

३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन ............................................................. ३५

३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार ....................................................................... ३५

...............................................................................................................

## परिच्छेद १.
## पृष्ठभूमि तथा परिचय  लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

### १.१ पृष्ठभूमि :

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैङ्गिक  समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैङ्गिक  समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

यसरी नै **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( **लैससास**) सम्बन्धी  प्रावधानहरुको व्यवस्था गरेको छ ।

लैङ्गिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्धको समय र द्वन्द्ध पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ ।

सन १९९५ को बेइजिङ घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैङ्गिक  समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ ।

### १.२. जीतपुरसिमरा उप-महानगरपालिकाको संक्षिप्त परिचय

मुलुकभरका उच्च १७ स्थानीय तह मध्येको जीतपुरसिमरा उपमहानगरपालिका एक हो । गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उप-महानगरपालिकामा परिणत यस उप-महानगरपालिकामा साविकका भवानीपुर जीतपुर, पिपरासिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगञ्ज, इनर्वासिरा गाविसको पुरै भाग र मनहर्वा गाविसको (१,२,३,७,८,९), हरैयाको (१) र रामपुरटोकनी (३) नम्बर वडा समेटिएको छ । यस

उप-महानगरपालिकामा २४ वटा वडा छन भने क्षेत्रफल करीव ३१४ वर्ग किमी छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जीतपुरसिमरा उपमहानगरपालिकाको कुल जनसंख्या जम्मा 127307 रहेको छ ।

## १.३. जीतपुरसिमरा उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिका ( लैससास) रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

**विधि र प्रकृयाहरु**

उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिका लागि उप-महानगरपालिका हरुसग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी उप-महानगरपालिका को आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको छ । नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७, स्थानिय सरकार सचालन ऐन २०७४, र नेपालको सविधान, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ लाई आधारमानि सम्वन्धित विषय वस्तुका आधारमा समुह छलफल र अन्तरबार्ताको लागि प्रश्नावली तयार गरिएको हो ।

कार्यशाला गोष्टिमा उप-महानगरपालिका स्थित बहुसरोकारवाला सँग स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा प्रस्तुतिकरण गरिएको थियो । उप-महानगरपालिका स्थित बहुसरोकारवाला सँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षलाई समेटेर समुह छलफलमा उप-महानगरपालिकाको सवल पक्ष, सुधार गर्न पर्ने पक्ष र अवसर, चुनौतिहरुको विश्लेषण गरी भावी लक्ष्य उद्धेश्यहरु सहितको कार्ययोजना तयार गरिएको हो ।

## १.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**१. नाम र प्रारम्भ :** यस रणनीतिको नाम लैङ्गिक **समानता तथा सामाजिक समावेशिता रणनीति २०८० र**हनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## २. संक्षेपित शब्दावली र परिभाषा

क) **"स्थानीय तह"** भन्नाले जीतपुरसिमरा उप-महानगरपालिका सम्झनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई जीतपुरसिमरा उप-महानगरपालिकाको परिबेश, ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

घ) **"योजना"** भन्नाले जीतपुरसिमरा उप-महानगरपालिकाको समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको जीतपुरसिमरा उप-महानगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी

**छ**) **"सामाजिक बञ्चितिकरण"** : लैङ्गिक ता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ज**)**"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले जीतपुरसिमरा उप-महानगरपालिकाको यौनिक तथा लैङ्गिक अल्पसंख्यक निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले जीतपुरसिमरा उप-महानगरपालिका भित्र रहेका विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) **लैङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

ट) **लैंङ्गिक मूलप्रवाहीकरण** : उप-महानगरपालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

ठ) **लैङ्गिक समानता :**समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

ड) **लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**ढ**) **लैङ्गिक मैत्री** : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक,अल्पसंख्यकका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

ण) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**त) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**थ) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

# परिच्छेद २
# लक्षित वर्ग/ समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

## २.१ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

जीतपुरसिमरा उप-महानगरपालिकाको बर्तमान स्थिति हेर्दा यस उप-महानगरपालिकाको आर्थिक सामाजिक क्षेत्रमा थप खडिकृत तथ्याक सकलन गरि प्रसस्त लगानी तथा सकारात्मक प्रयासहरु गर्नु पर्ने देखिन्छ । यस जीतपुरसिमरा उप-महानगरपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना. २०७८ अनुसार यस उप-महानगरपालिकाको कुल परिवारहरु संख्या २५,६५० छ भने कुल जनसंख्या जम्मा 127307 जसमध्ये महिलाको जनसंख्या 63380 (४९.८ प्रतिशत) र पुरुषको जनसंख्या 63380 (५०.२ प्रतिशत) रहेको छ । कुल जनसख्याको आधारमा कुल साक्षरता दर ७१.७ प्रतिशत पुरुष साक्षरता दर (७८.९ प्रतिशत), महिला साक्षरता दर (६४.५ प्रतिशत) मात्रै रहेको महिला साक्षरता दरलाई उप-महानगरपालिकाले साक्षरता कक्षाहर संचालन गरि साक्षरता दर बढाउनु पर्ने देखिन्छ । अपाङगता भएका कुल जनसंख्याको प्रतिशत १.९ प्रतिशत जसमध्ये पुरुष २.० प्रतिशत र महिला १.९ प्रतिशत रहेको छ । यसै मध्ये शारीरिक अपाङगता ३०.० प्रतिशत,न्युन दृष्टि ३०.२ प्रतिशत,दृष्टि विहिन ६.७ प्रतिशत, बहिरोपन ६.२ प्रतिशत,मनोसामाजिक अपाङगता २.७ प्रतिशत रहेको छ । अपाङगता भएका कुल जनसंख्या मध्ये १.९ प्रतिशत जसमध्ये पुरुष २.० प्रतिशत र महिला १.९ प्रतिशत रहेको छ । यसै मध्ये शारीरिक अपाङगता ३०.० प्रतिशत,न्युन दृष्टि ३०.२ प्रतिशत,दृष्टि विहिन ६.७ प्रतिशत, बहिरोपन ६.२ प्रतिशत,मनोसामाजिक अपाङगता २.७ प्रतिशत रहेको छ । रोजगारीको अवस्था हेर्दा कुल जनसख्या अनुसार रोजगार ९२.१ प्रतिशत र बेरोजगार ७.९ प्रतिशत पाईएको छ ।

## २.२. सरोकारवाला हरुको बिश्लेषण

विभिन्न राजनैतिक दलहरु, उप-महानगरपालिका, शिक्षा समिति, वडा कार्यालय, वडा समिति, जिल्ला समन्वयन समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विधालयहरु,वालक्लवहरु, महिला संञ्जालहरु, आमा समुहहरु, अपांग संञ्जालहरु, रेडक्रस, स्काउट, न.पा.विपत व्यवस्थापन समिति, टोल बिकास संस्थाहरु, विभिन्न धार्मिक तथा सामुदायिक संघ संस्थाहरु, अपाङ्ग महासंघ, महिला सरकारी संस्थाहरु, माइक्रो फाइनन्स, बैक,इलाका प्रहरी चौकी, उद्योग वाणिज्य संघ (न.पा. स्तरिय),यातायात व्यवसायी संघ (न.पा. स्तरिय),होटेल व्यवसायी संघ (न.पा. स्तरिय),सामादायिक वन उपभोक्ता समिति उप-महानगरपालिका स्तरीय महिला संजाल, महिला अधिकारकर्मिहरु लैगिंक हिंसा नियन्त्रण संजाल समितिहरु, मेलमिलाप कर्ता रहेका छन् ।

## २.४ उप-महानगरपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष, कमजोर पक्ष तथा अवसर र चुनौति

उप-महानगरपालिका बाट लैङ्गिक समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक, प्रयासहरु अवलम्वन गरिएका छन् । यसलाई प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित बिकास प्रक्रिया थालनी उप-महानगरपालिका सुरु गरिएको छ।

| सवल पक्ष | कमजोर पक्ष | अवसर | **चुनौति** |
|---|---|---|---|
| १. न्यायिक समिति कार्यविधि ऐन, २०७५<br><br>२. सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२<br><br>३. टोल विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९<br><br>४. लैङ्गिक हिंसा व्यवस्थापन कार्य विधि २०७९<br><br>५. सामुदायक विद्यालय(सबै दिवा खाजा संचालन, विद्यालयमा अध्ययनरत कक्षा १ देखी ८ सम्मका छात्रा र दलित विद्यार्थीहरुको छात्रावृत्ति<br><br>६. १० जना यूवाहरुलाई व्यवसायिक तथा सिपमूलक तालिम, सामाजिक तथा आर्थिक पुन एकिकरण कार्यक्रम | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी निति, रणनिति र कार्य विधिहरु र कार्ययोजना नहुनु,<br><br>२.भौतिक संरचना लैससास मैत्रि भौतिक संरचना कमि<br><br>३.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**)का क्षेत्रमा छुट्टै अनुगमन र मूल्याङ्कन प्रणाली नहुनु ।<br><br>४.खण्डीकृत तथ्याङ्क अद्यावधिक नगरिएको हुदा दलित र जनजाति र अल्पसख्यक शिर्षक कार्यक्रम नहदा स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच कमि। | १.लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।<br><br>२.स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आवश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने ।<br><br>३.लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकारवालाबाट क्षमता बिकास बढ्न सक्ने ।<br><br>४.लैङ्गिक हिंसाका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु ।<br><br>५.उप-महानगरपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट्याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिन | सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्नु,समाजमा अझैपनि जातिय विभेद,<br><br>लक्षित वर्ग/समुहको जनचेतनामा वृद्धि गराई विकास प्रक्रियामा मुलप्रबाहमा ल्याउन कठीन र समय लाग्न सक्ने, लैङ्गिक हिंसाको अन्त्य गर्नु,समाजमा अझैपनि जातिय विभेद, छुवाछुत,सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौति हुन। |

## २.५ नगर पालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु

जीतपुरसिमरा उप-महानगरपालिकाको बिद्यमान सामाजिक संरचना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतिक तथा सामाजिक जागरण लगायतका बिद्यमान अवस्थाले गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सहज स्विकार्यता र व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ । संघिय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनको स्थानीयकरण गरी कार्यान्वयन गर्न पनि ढिलो भएको हो । उप-महानगरपालिकाको लैससास सम्बन्धि निति र कार्यविधि भएता पनि विद्यालय भवन तथा शौचालय वालमैत्रि, अपांग मैत्री बन्न सकेको अवस्था नरहेको । लैङ्गिक बिभेद, सामाजिक असमानता र पछौटेपन घट्न सकेको छैन । जसलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

क) प्रयाप्त बजेट विनियोजन हुन नसक्दा आवश्यकता अनुसार लक्षित वर्ग/समुहका लागि कार्यक्रम कमि ।

ख) स्वास्थ्य संस्था तथा वडा कार्यलयहरुमा भौतिक संरचना लैससास मैत्रि तथा मापदण्ड अनुसार नरहेको ।

ग) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि नीति निमार्ण भएता पनि रणनिति तथा कार्यक्रमको व्यवस्था अलि कम भएको हुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न केहि कठिनाई ।

घ) उप-महानगरपालिका भित्र प्रयाप्त जनशत्तिको अभाव भएको कारणले पनि निर्माण गरिएका नितिहरुलाई सम्बन्धित नागरीकहरुमा सुचना तथा जानकारी हुन कठिनाई ।

ङ) विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नहुदा लक्षीत बर्ग समुदायका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

च) लक्षित ब्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिँचानको आधारमा वार्षिक योजना तथा कार्यक्रम निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन सकेको छैन ।

छ) लैङ्गिक उत्तरदायि योजना तथा बजेट निर्माण गर्दा प्रतिशतका आधारमा किटान नभएको

ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**)का क्षेत्रमा छुट्टै अनुगमन र मूल्याङ्कन प्रणाली नहुदा प्रभावकारी उपलब्धी नदेखिनु ।

ज) लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन नहुदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन कठिनाई हुनु ।

## २.६ उप-महानगरपालिकाको आगामी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप उप-महानगरपालिका को आगामी लैससास रणनितिको कार्यक्षेत्र निधारर्ण गरिएको छ ।

### २.६.१.मूलप्रवाहिकरणः:

उप-महानगरपालिकाको तहमा महिला, तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र सांस्कृतिक,योजना,बजेट,पहुँचयुक्त अवसर,सेवामुलक कार्य,अनुगमन,मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र उप-महानगरपालिका को विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ।

### २.६.२ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः

**क**) लक्षित वर्ग/समूहका विकासका अवसर श्रोत र साधनमा पहुँच अर्थपूर्ण सहभागिता गराई उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गरिनेछ।

**ख**) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता, आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजानेछ।

ग) विभिन्न प्रकारको महामारी र हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको समयमा विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ।

### २.६.३ समन्वय, सहकार्य र सहजिकरणः

क) लैससास सम्बन्धी नीति, रणनिति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ।

### २.६.४ अनुगमन तथा मूल्यांकनः

उप-महानगरपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ।

# परिच्छेद ३ उप-महानगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनितिका

## ३.१ उप-महानगरपालिकाको लैससास रणनितिका

**परिदृश्य :**

लैङ्गिक समानता र सामाजिक न्यायमा आधारीत भेदभावमुक्त लैङ्गिक मैत्री, समाबेशी, समतामुलक, समृद्ध र न्यायपूर्ण उप-महानगरपालिका निर्माण गर्ने ।

**ध्येय :**

**लैससास** सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउने ।

**लक्ष्य :**

सुशासनमा आधारीत स्थानीय साशन प्रणालीको बिकास गरी समग्र बिकास प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्रबाहीकरण गर्ने ।

**उद्देश्यहरु :**

१. उप-महानगरपालिकाको गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने ।

२. लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, दाईजो प्रथा बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

३. लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत उप-महानगरपालिका को स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैङ्गिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।

४. लक्षित वर्ग /समुदायका व्यक्तिको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

**५.** उप-महानगरपालिकाको निति निमार्ण तथा निर्णायक तहमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने।

**लैंससास रणनितिको औचित्यता :**

यस रणनीतिको औचित्य उप-महानगरपालिका को लैससास अवधारणा अनुसार संस्थागत संरचना एवं व्यवस्थापन सुदृढ गर्ने र सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउने आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । त्यस्तै गरेर योजना तर्जुमा प्रकृयालाई बढी सहभागितामूलक बनाउने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन, सेवा प्रवाहलाई लैङ्गिक , समावेशी र बिपन्न एवं पछाडि परेको वर्ग प्रति बढी जवाफदेही बनाउन,

एवम् स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो लैससास रणनीतिको औचित्यता रहेको बिषयमा निम्न बुँदाले स्पष्ट पार्दछन् ।

क) लैससास रणनीतिले उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी बजेट तथा योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न मार्गनिर्देश गर्ने भएकोले,

ख) लैससास रणनीतिले समाजमा बिद्यमान हानीकारक गलत सामाजिक अभ्यास, लैङ्गिक बिभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, र जातीय बिभेद तथा सामाजिक असमानता बिरुद्ध निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैङ्गिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन अभिप्रेरीत गर्ने भएकोले,

ग) लैंससास रणनीतिले सरोकारवाला सबै निकायको कार्य भूमिका निर्धारण गरी कार्यान्वयन गर्न निर्देशन गरेकोले समग्र बिकासमा लैङ्गिक तथा सामाजिक समाबेशी मूल प्रबाहीकरणमा टेवा पुग्ने भएकोले,

घ) लैससास रणनीतिले समन्वय र साझेदारीको अवधारणा बिकास गरी उप-महानगरपालिका लगायत यसक्षेत्र भित्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था एवं सामुदायिक संस्थालाई लैङ्गिक संवेदनशील योजना निर्माण तथा कार्यान्वयन र लैङ्गिक मैत्री कार्य व्यवहार अवलम्बन गर्न अभिप्रेरीत गर्ने भएकोले,

ङ) लैससास रणनीतिले लैङ्गिक समानता र सामाजिक समाबेशीकरणका लागि नीतिगत ब्यबस्था र कार्यान्वयन भए नभएको सन्दर्भमा अनुगमन तथा निर्देशनको समेत ब्यबस्था गरेकोले लैससासमैत्री शासन ब्यबस्था अवलम्वनका लागि मार्गनिर्देश गर्नेभएकोले,

च) लैससास रणनीतिले बिशेष गरी लक्षित वर्ग/समुहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सबै क्षेत्रमा अवसर, पहुच र लाभ सुनिश्चितता गर्नेको लागि मार्ग प्रसस्त बनाउने भएकोले ।

## लैंससास रणनितिको मुल्यमान्यताहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो लैससास रणनीतिको महत्व छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगीका लागि लैङ्गिक सवेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकासको आवश्यकता पर्दछ । सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिने भएकोले लैससास रणनितिको आवश्यकता छ । त्यसैले माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी उप-महानगरपालिका को लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९" तयार गरिएको हो ।

## ३.२ रणनिति र कार्यनिति

जीतपुरसिमरा उप-महानगरपालिका को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) रणनीतिले निर्दिष्ट गरे बमोजिम उप-महानगरपालिका को दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव वञ्चित व्यक्ति, समुदायले सामाना गर्नु परेका लैङ्गिक  बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध उप-महानगरपालिका  निर्माण गर्ने परिकल्पनालाई साकार पार्न जीतपुरसिमरा उप-महानगरपालिका को निम्न बमोजिमका लैससास सम्बन्धी रणनीतिहरु तय गरेको छ :

**रणनिति. १.** (उदेश्य नं १.सग सम्बन्धित)

**१** उप-महानगरपालिका को बिद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधारउन्मुख अभ्यासद्वारा लैङ्गिक  तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने ।

**कार्यनिति** (रणनीति नं १.सग सम्बन्धित)

**१.१.** उप-महानगरपालिका को आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैङ्गिक  समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने।

१.२. सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि  योजना तर्जुमा गर्ने।

१.३. लैससास नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

१.४. नीति निर्माण तथा निर्णायक तहमा महिला, एकल महिला, दलित, जनजाती, अपांग, अति बिपन्न लगायत बञ्चित ब्यक्ति, समुदायको प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता बढाउन क्षमता विकास गर्ने ।

१.५. महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।

१.६. लैङ्गिक  बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने ।

१.७. वडा तथा समुदाय तहसम्म लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।

१.८. उप-महानगरपालिका कार्यरत सबै सरोकारवाला निकायलाई लैससास रणनीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१.९. नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने।

**रणनीतिक २.** (उदेश्य नं २.सग सम्बन्धित)

२. लैङ्गिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने ।

**कार्यनिति** (रणनीति नं २.सग सम्बन्धित)

२.१. न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

२.२. लैङ्गिक हिंसा पिडित प्रभावितहरुको अधिकार संरक्षण दीर्घकालिन सुरक्षित आवास गृह,पुन स्थापना केन्द्रको संचालन र व्यवस्थापन गर्ने ।

२.३ पुन स्थापना कोष संचालनमा ल्याउने ।

२.४ पुन स्थापना कोषका लागि प्रत्येक वर्ष उप-महानगरपालिकाले निश्चित प्रतिशत रकम विनियोजन गर्ने।

२.५ कोषको रकम परिचालनका लागि छुट्टै खाता अनि उक्त खातामा रहेको रकम प्रत्येक वर्ष आन्तरिक अन्तिम लेखा परिक्षण गर्ने ।

२.६. लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने,

२.७. उप-महानगरपालिकाको र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

२.८. उप-महानगरपालिका क्षेत्र भित्र सबै तहमा कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी निमार्ण गरि व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।

२.९. हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने नागरिकको क्षमता अभिबृद्धि गर्ने ।

२.१०. उप-महानगरपालिकाको कार्यरत कर्मचारीको कार्य विवरणमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपानाउनु पर्ने विषयहरु समावेश गर्ने ।

२.११. उप-महानगरपालिकाको कार्यरत महिला कर्मचारीका लागि लैङ्गिक मैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण गर्ने ।

२.१२. उप-महानगरपालिकाको कर्मचारी र जनप्रतिनिधीलाई लैससास रणनीतिको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।

२.१३. बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।

२.१२. लैङ्गिक बिभेदमा आधारीत हिंसा, जातीय बिभेद तथा छुवाछुत, र सामाजिक असमानता बिरुद्ध सामाजिक अभियान संचालन गर्न क्रियाशिल सबै सरोकारवाला निकाय वीच समन्वय र सहकार्य गर्ने ।

२.१३. बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको

हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा  पुनस्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

२.१४. लैङ्गिक  हिंसा मुक्त वडा हुदै हिंसा मुक्त उप-महानगरपालिकाको  घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने ।

**रणनीति ३** (उदेश्य नं ३.सग सम्बन्धित)

लैङ्गिक  समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र  न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने ।

**कार्यनिति** (रणनीति नं ३.सग सम्बन्धित)

३.१ लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने  रणनीति लिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

३.२. नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाउन उप-महानगरपालिका  लैससास इकाई/शाखा स्थापना गर्ने ।

३.३. उप-महानगरपालिका को लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

३.४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।

३.५. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने ।

३.६. उप-महानगरपालिका का संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।

३.७. उप-महानगरपालिका  र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजि क्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैङ्गिक  तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।

३.८.उप-महानगरपालिका  लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

३.९. नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।

३.१०. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान

३.११. लक्षित वर्ग /समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र सेवा सुविधामा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।

३.१२. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ प्रदेश र स्थानीय संघ संस्थाहरु संग सम्पर्क, समन्वय र सहकार्य

३.१३ सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन, गरीब परिवार पहिचान सम्बन्धी स्थानीय सर्बेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने ।

३.१४. स्थानीय सुरक्षा योजना र व्यवस्थापन लैङ्गिक मैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

३.१५. सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैङ्गिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।

३.१६. महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने ।

३.१७. खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गर्ने ।

**रणनीति ४.** (उदेश्य नं ४.सग सम्बन्धित)

उद्यमशिलता बिकास गरी विपन्न तथा पछाडी पारिएका र बञ्चित ब्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने ।

**कार्यनिति**(रणनीति नं ४.सग सम्बन्धित)

४.१. उप-महानगरपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित ब्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने।

४.२. स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।

४.३. आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।

४.४. विपन्न एबं बञ्चित ब्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।

४.५. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

४.६. प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

**रणनीति ५** (उदेश्य नं ५.सग सम्बन्धित)

बिपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने अनुगमन तथा मूल्याँकन संयन्त्र लैससास मैत्रि हुनुपर्ने।

**कार्यनिति** (रणनीति नं ५.सग सम्बन्धित)

५.१ उप-महानगरपालिका सबै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने  र यसलाई संस्थागत गर्दै लैजाने ।

५.२. स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

५.३. स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

५.४. स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

५.५. योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षीत व्यक्ति वा समुदायको लैङ्गिक  तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, गराउने ।

५.६. उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

५.७. उप-महानगरपालिका  तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

५.८. लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनेछ।

५.८. लैङ्गिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति हुनेछ र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ।

**३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना**

| **उदेश्यहरु** | **कार्यक्रमहरु** | **जिम्मेबारी निकाय** | **समय अवधि** | **लक्षित वर्ग /समुह** |
|---|---|---|---|---|
| **उदेश्य.१.**<br>उप-महानगरपालिकाको गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने । | १.उप-महानगरपालिका को आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br><br>२.नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>३.सबै नपा भित्रका सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पार्श्वचित्र बनाउने ।<br><br>४. अपाङ्गता भएका व्यक्तिहरूको लागि बनेका सबै नीतिहरूमा लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने र सेवा सुविधमा पहुच वृद्धि गर्ने ।<br><br>५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा लक्षित वर्ग/समूहका आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि संविधान तथा दिगो विकासका लक्ष्यहरुलाई मध्यनजर गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने ।<br><br>६. उप-महानगरपालिका को भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा लैससास रणनीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउनका लागि लैससास आचार सहिंताको निर्माण गरि कार्यान्वयन गर्ने। | उप-महानगरपालिका को,<br>वडा कार्यालयहरु | १-३ बर्ष | १ लक्षित वर्ग /समुह (खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>२. लक्षित वर्ग/समूहका<br><br>३. जोखिम र जोखिम-उन्मुख तथा सीमान्तकृत परिवार र समुहहरूको वास्तविक तथ्याङ्क<br><br>४. अपाङ्गता भएका व्यक्तिहरु वैठक, उपस्थिति<br><br>५. बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला,आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको /परेको वर्ग, अपाङता भएका ब्यक्ति,<br><br>६. लैससास आचार सहिंताको निर्माण<br><br>७.महिला तथा वालबालिका<br><br>८. लक्षित वर्ग /समुह |

| | | | | |
|---|---|---|---|---|
| | ७. उप-महानगरपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्दै स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको ब्यवस्था गर्ने ।<br><br>८.लैससास नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।<br><br>९. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>१०.पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने । | | | (खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरुका लागि) लैससास नीति, रणनिति,कार्यनीति,कार्यान्वयन निर्देशिका।<br><br>९.लक्षित वर्ग /समुह उपस्थिती पुस्तिका आदि ।<br><br>१०. बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा परेका श्रमिक । |
| **उदेश्य २.**<br><br>लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, दाईजो प्रथा बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने । | १. न्यायिक समितिलको क्षमता अभिवृद्धि<br><br>२. दीर्घकालिन सुरक्षित आवास गृह,पुन स्थापना केन्द्रको संचालन र व्यवस्थापन<br><br>३ पुन स्थापना कोष संचालन<br><br>४ पुन स्थापना कोषका लागि प्रत्येक वर्ष उप-महानगरपालिकाले निश्चित प्रतिशत रकम विनियोजन ।<br><br>५ प्रत्येक वर्ष आन्तरिक अन्तिम लेखा परिक्षण गर्ने ।<br><br>६. आचारसंहिता निमार्ण<br><br>७. गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था<br><br>८. कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी निमार्ण ।<br><br>९. हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने | उप-महानगरपालिका को वडा कार्यालयहरु | १-५ बर्ष | १. न्यायिक समितिलका<br><br>२. लैङ्गिक हिंसा पिडितहरु<br><br>३. लक्षित वर्ग /समुह (खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु)<br><br>४. लक्षित वर्ग/ समूहका<br>५. कोषको रकम परिचालनका लागि छुट्टै खाता अनि उक्त खातामा रहेको रकम<br>६. लैङ्गिकहिंसा,घरेलु हिंसा,बाल हिंसा लगायत सबै प्रकारकाबिभेद बिरुद्ध<br>७. लक्षित वर्ग/ समूह<br>८. उप-महानगरपालिका क्षेत्र |

| | | | | |
|---|---|---|---|---|
| | नागरिकको क्षमता अभिबृद्धि ।<br>१०. उप-महानगरपालिकाको कार्यरत महिला कर्मचारीका लागि लैङ्गिक मैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण ।<br>११. लैससास रणनीतिको बारेमा अभिमूखिकरण<br>१२. संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना ।<br>१३. सामाजिक अभियान संचालन<br>१४.लैङ्गिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त उप-महानगरपालिकाको घोषणा गर्न स्थानीय तहको कार्ययोजना | | | भित्र सबै तहमा<br>९.लक्षित वर्ग/ समूह<br>१०. लैङ्गिक मैत्री संरचना<br>११. कर्मचारी र जनप्रतिनिधीलाई<br>१२. लक्षित वर्ग/ समूह<br>१३. लक्षित वर्ग/ समूह<br>१४. लक्षित वर्ग/ समूह |
| **उदेश्य ३.**<br>लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत उप-महानगरपालिका को स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैङ्गिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने । | १ नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाइनेछ ।<br>२.उप-महानगरपालिका को लैससास इकाई/शाखा स्थापना गर्ने ।<br>३.उप-महानगरपालिका को लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई व्यबस्थीत बनाई परिचालन गर्ने ।<br>५.उप-महानगरपालिका को संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।<br>६. अपाङ्गता भएका व्यक्तिहरूको अवस्थालाई अनुसन्धान गरि आवाश्यक स्रोत साधन उपलब्धता गराई जिवन स्तर बढाउने।<br>७.उप-महानगरपालिका को र यसक्षेत्र अन्तर्गतका प्रत्येक | उप-महानगरपालिका को<br>वडा कार्यालयहरु | १-५ बर्ष | १. लक्षित वर्ग/ समूह<br>२.लैससास इकाई /शाखा स्थापना<br>३.लैससास सम्पर्क व्यक्ति<br>४.महिला, बालबालिका तथा जेष्ठनागरीक शाखा<br>५. लक्षित वर्ग/ समूह<br>६. अपाङ्गता भएका व्यक्तिहरू<br>७. लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण प्रतिबेदन। |

| | | | | |
|---|---|---|---|---|
| | सरकारी, गैरसरकारी संस्था एवं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण गराउने । | | | |
| **उद्देश्य४.**<br>लक्षित वर्ग /समुदायका व्यक्तिको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने । | १. उप-महानगरपालिका क्षेत्रभित्र रहेका लक्षित वर्ग /समुहलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।<br><br>३.आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br>४.विपन्न एवं बञ्चित ब्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br><br>५.बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एवं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने । | उप-महानगरपालिकाको<br>वडा कार्यालयहरु | १-५ बर्ष | १. महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित ब्यक्ति, समुदाय<br><br>२.लक्षित वर्ग /समुह<br><br>३.आदिवासी जनजाति तथा दलित बर्ग<br><br>४.विपन्न एबं बञ्चित ब्यक्ति<br><br>५.लक्षित वर्ग /समुह<br><br>४. लक्षित वर्ग /समुह<br><br>५. लक्षित वर्ग /समुह<br><br>६ लक्षित वर्ग /समुह( खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका वर्गहरु) |
| **उदेश्य.५.**<br><br>उप-महानगरपालिकाको निति निमार्ण तथा | १.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका लक्षित वर्ग /समुह समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने, | उप-महानगरपालिकाको | १-५ बर्ष | १.महिला,एकलमहिला अपांग, यौनिक अल्पसंख्यक,दलित लगायत पछाडी पारिएका व्यक्ति, |

| | | | | |
|---|---|---|---|---|
| निर्णायक तहमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने। | ३.उप-महानगरपालिका तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।<br><br>४.क्षमता विकास कार्यक्रम संचालन गरी लैङ्गिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न ।<br><br>५.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनाउने ।<br>६.लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी रणनीति तथा पद्धति बनाउने र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने । | वडा कार्यालयहरु | | २. लक्षित वर्ग /समुह<br>३. अनुगमन संयन्त्र (संजाल) नामावली,<br><br>४. लक्षित वर्ग /समुह<br><br>५. अनुगमन संयन्त्र (संजाल) रणनिति, कार्यविधि आदि<br>६. अनुगमनको लागि प्रभावकारी मापन सुचकहरु। |

### ३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र उप-महानगरपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैङ्गिक  समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । उप-महानगरपालिकाको जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। उप-महानगरपालिका  क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । उप-महानगरपालिकाको क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय,गैरसरकारी संघसंस्था,विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ।

### ३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम उप-महानगरपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ।

क) लैङ्गिक  समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

ख) उप-महानगरपालिका स्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैङ्गिक मैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) उप-महानगरपालिका लगायत सबै सार्बजनिक निकायमा लैङ्गिक मैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री,अल्पसंख्यक समुदायहरुको लागि संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

### ३.४.२. उप-महानगरपालिका  लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि उप-महानगरपालिका लगायत यस क्षेत्रभित्रका सबै सरोकारवाला निकायले दायीत्व बोध गर्नु जरुरी छ । लैससास रणनीतिले जितपुरसिमरा उप-महानगरपालिका का

लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ। लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ।

| जिममेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| जितपुरसिमरा उप-महानगरपालिका | ▪ उप-महानगरपालिकाको समग्र विकास प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनिति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने,<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने,<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने,<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने,<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने,<br>▪ उप-महानगरपालिका का लगायत यसका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने,<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने,<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने,<br>▪ उप-महानगरपालिका का लगायत सबै सार्वजनिक निकायमा लैङ्गिक मैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ उप-महानगरपालिका का जारी गरिएका नीति, रणनिति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति सम्वेदनशिलता अपनाउने । |

| | |
|---|---|
| | ▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी उप-महानगरपालिका कासुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनिति तथा कानुन पुनरावलोकन गर्न ☐ उप-महानगरपालिकाको लाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी उप-महानगरपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैङ्गिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैङ्गिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैङ्गिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एबं उजुरी सम्बोधनका लागि उप-महानगरपालिकाको संग समन्वय गर्ने ।<br>▪ उप-महानगरपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ उप-महानगरपालिकाालाई लैङ्गिक हिंसा मुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने ।<br>▪ उप-महानगरपालिकाको लैङ्गिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ उप-महानगरपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लक्षीत ब्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने । |

| | |
|---|---|
| | ▪ लैङ्गिक  तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैङ्गिक सम्पर्क व्यक्ति | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ उप-महानगरपालिका को सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र उप-महानगरपालिकाको  समक्ष जानकारी गराउने ।<br>▪ उप-महानगरपालिका  लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने योनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न उप-महानगरपालिकाको  क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा बिद्यमान लैङ्गिक  तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।<br>▪ लैङ्गिक  हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र उप-महानगरपालिका  सहजीकरण गर्ने ।<br>▪ उप-महानगरपालिका  कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण  स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी उप-महानगरपालिका को खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ उप-महानगरपालिका कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैङ्गिक मैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ उप-महानगरपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यत: बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ उप-महानगरपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैङ्गिक  तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैङ्गिक  संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने । |

| | |
|---|---|
| | ▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई उप-महानगरपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका ब्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्ने प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाको लागि लैङ्गिक मैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई उप-महानगरपालिका समक्ष माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैङ्गिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषध दुरर्व्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैङ्गिक मैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा उप-महानगरपालिकाकाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि उप-महानगरपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ उप-महानगरपालिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला,दलित,जनजाती अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने । |

| | |
|---|---|
| | ▪ लैङ्गिक हिंसा,घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ उप-महानगरपालिकाको निर्दिष्टगरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैङ्गिक हिंसा,घरेलु हिंसा,सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| उप-महानगरपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला,एकल महिला सञ्जाल,जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैङ्गिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्याहरु पहिँचान गरी सम्बोधनका लागि वडा तथा उप-महानगरपालिकाकाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैङ्गिक मैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला,बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक,प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा उप-महानगरपालिका संग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ उप-महानगरपालिका संग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ उप-महानगरपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र उप-महानगरपालिका सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा |

| | |
|---|---|
| | माग गर्ने । <br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने , <br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा उप-महानगरपालिकामा वकालत गर्ने । |

**३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :**

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमुखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैङ्गिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे उप-महानगरपालिकाको जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमुखिकरण गराई लैङ्गिक मैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) उप-महानगरपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन,लैङ्गिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना,संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) उप-महानगरपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत उप-महानगरपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) लैङ्गिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा व्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैङ्गिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

**३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय वा स्रोत**

उप-महानगरपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । उप-महानगरपालिका महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैङ्गिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । उप-महानगरपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा उप-महानगरपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

### ३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

जितपुरसिमरा उप-महानगरपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैङ्गिक तथा सामाजिक समावेशीकरण उद्धेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । उप-महानगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ। बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

उप-महानगरपालिका को लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने लैससास रणनीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| क. | उप-महानगरपालिका नगरप्रमुख | संयोजक |
| ख. | उप-महानगरपालिका नगरउपप्रमुख | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | उप-महानगरपालिका स्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट उप-महानगरपालिकाको तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ. | महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| च. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

### २.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि उप-महानगरपालिका पेश गर्ने ।

ग) स्थानीय नीति, रणनिति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैङ्गिक मैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैङ्गिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैङ्गिक बिभेद लैङ्गिक हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने ।

ज) लैङ्गिक हिंसा,लैङ्गिक बिभेद,यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जोखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न उप-महानगरपालिका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

**३) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| **क.** | वडा अध्यक्ष | संयोजक |
| **ख.** | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| **ग.** | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| **घ.** | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| **ङ.** | वडा सचिव | सदस्य सचिव |

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित व्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैङ्गिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देबन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गगर्ने, राउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

**३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु**

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला

निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास रणनीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| **संभावित जोखिम** | **जोखिम न्यूनीकरणका उपायहरु** |
|---|---|
| उप-महानगरपालिका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| लैससासरणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु । | ▪ उप-महानगरपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ उप-महानगरपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| उप-महानगरपालिका को लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना |

| | |
|---|---|
| आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैङ्गिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ■ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औंल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |

## ३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

जीतपुरसिमरा उप-महानगरपालिका द्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैङ्गिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैङ्गिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ।

### ३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार

जितपुरसिमरा उप-महानगरपालिका द्वारा जारी गरिएको लैससास रणनीति २०७९ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

## अनुसुचि १. लैससास मस्यौदा तयारी कार्यशाला गोष्टिमा माईन्यूट

आज मिति २०८०/०२/०४ गते जितपुरसिमरा उप-महानगर पालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति कार्यशाला बैठक उप पालिका प्रमुख श्री राजन पौडेल ज्यूको अध्यक्षतामा बसी निम्न लिखित विषयमा छलफल गरी निम्न निर्णय गरियो।

उपस्थिति :

१) नगर प्रमुख - राजन पौडेल
२) उपप्रमुख - [illegible] प्रसाद अधिकारी
३) प्रमुख प्रशासकिय अधिकृत - हरिलाल पुन
४) चयन गुरुङ वडा अध्यक्ष
५) सुभाष श्रेष्ठ २१ नं वडा अध्यक्ष
६) [illegible] कुमारी [illegible] नं वडा कार्यपालिका सदस्य
७) [illegible] कुमारी अधिकारी [illegible] " "
८) प्रभावती देवी [illegible] वार्ड - १८ " "
९) पवित्रा थापा कार्की वडा नं १६ " "
१०) राम पति [illegible] वडा नं. १४ " "
११) माला देवी चौधरी वडा नं २० " "
१२) [illegible] वडा नं. १५ " "
१३) [illegible] वडा नं ५
१४) अर्जुन सिंह कार्यपालिका सदस्य वडा नं. ४
१५) धन ब. [illegible] वडा २ - वडा अध्यक्ष
१६) [illegible] खाँ वडा १२ वडा अध्यक्ष
१७) संजय प्रसाद पटेल वडा नं. १० का अध्यक्ष
१८) दिपेन्द्र कुमार [illegible] वार्ड नं. १९ अध्यक्ष
१९) [illegible] ओंकार प्रसाद महतो
२०) [illegible] शर्मा पौडेल
२१) [illegible] बानिया
२२) सृजना सिंह
२३) डा. [illegible] (कोअर्डिनेटर)

CS Scanned with CamScanner

प्रस्तावहरु :-

१. जितपुरसिमरा उप-महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तयार सम्बन्धमा

२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणका निमित्त सहयोग समिति गठन सम्बन्धमा

३. कार्यशाला गोष्ठि सम्बन्धमा।

निर्णयहरु :-

१. प्रस्ताव नं. १ माथि छलफल गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तयार गर्न स्वदेश इन्स्टिच्युट प्रा.लि.को सहकार्यमा जितपुरसिमरा उप-महानगरपालिकाले कार्ययोजना तयार गर्ने निर्णय गरियो।

२. जितपुरसिमरा उप-महानगरपालिका लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति तयार निम्न लिखित सहयोग समिति गठन निर्णय गरियो।

३. जितपुरसिमरा उप-महानगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणको निमित्त [illegible] [illegible] [illegible] [illegible] [illegible] कार्ययोजना निर्माण [illegible]

Scanned with CamScanner

Scanned with CamScanner

## अनुसुचि १. लैससास मस्यौदा तयारी कार्यशाला गोष्टिका तस्विरहरु



